षडानन्द नगरपालिकाको

# भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९

स्वीकृत भएको मितिः२०७९/१०/१९ गते

## प्रस्तावनाः-

नेपाल भौगोलिक रुपमा विकट पहाडी मुलुक भएको र कृषि प्रधान मुलुक भएको परिप्रेक्षमा (जहाँ ६५.७% जनता कृषिमा आश्रित छन) माटोको उर्वराशक्ति कायम गरी दिगो कृषि विकास गरी खाद्यान्नमा आत्मनिर्भर गर्ने कार्य चुनौतीपुर्ण रहेको छ । यस चुनौतीको सामना गर्न विरुवालाई आवश्यक खाद्यतत्व पर्याप्त मात्रामा पुर्ति गर्न प्राङगारिक र रासायनिक श्रोत भएको र वर्षेणी कृषकहरु रासायननिक मल समयमा उपलब्ध नहुनु, त्यसमा पनि पहाडि जिल्लाहरुमा रासयनिक मल ढुवानीमा समस्या पर्नुका साथै महंगो पर्ने भएकाले यस षडानन्द नगरपालिकाले भकारो सुधार कार्यक्रम मार्फत पशुवस्तुको स्वास्थयमा सुधार,गुणस्तर प्राङगारिक मल उत्पादन, स्वच्छ दुध उत्पादन,दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न तथा वातावरणिय सरसफाईमा सकारात्मक परिवर्तन ल्याउने उद्धेश्यले षडानन्द नगरपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ को अधिनमा रही "भकारो सुधार व्यवस्थापन तथा संचालन कार्यविधि २०७९" तयार गरी जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१)संक्षिप्त नाम र प्रारम्भः१) यस कार्यविधिको नाम "भकारो सुधार कार्यक्रम व्यवस्थापन तथा संचालन कार्यविधि, २०७९" रहेको छ ।

२) यो कार्यविधि षडानन्द नगर कार्यपालिकावाट स्विकृत भएको मितिवाट प्रारम्भ हुनेछ ।

२)परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क)"कार्यविधि"भन्नाले नगरपालिकाको "भकारो सुधार व्यवस्थापन तथा संचालन कार्यविधि २०७९" लाई सम्झनु पर्नेछ ।

ख) "नगरपालिका" भन्नाले षडानन्द नगरपालिका लाई सम्झनु पर्नेछ ।

ग) "वडा"भन्नाले नगरपालिकाको वडालाई सम्झनु पर्नेछ ।

घ) "कृषि विकास समिति भन्नाले षडानन्द नगरपालिकामा कृषि विकास कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि २०७९ वमोजिम गठित समितिलाई सम्झिनु पर्दछ।

च) कार्यक्रम भन्नाले षडानन्द नगरपालिकाले भकारो सुधारको लागि विनियोजित कार्यक्रम र शशर्तको कार्यक्रम लाई सम्झनु पर्नेछ।

छ) "कृषि विकास शाखा/पशु सेवा शाखा" भन्नाले षडानन्द नगरपालिकाको कृषि विकास शाखा /पशु सेवा शाखालाई सम्झनुपर्छ ।

ज)" कृषक समूह "भन्नाले षडानन्द नगरपालिका कृषि विकास शाखा /पशु सेवा शाखामा दर्ता तथा नविकरण भएका समूह सम्झनुपर्दछ ।

३)उद्धेश्य(Objectives)

- गुणस्तरिय गोठेमलको उत्पादन तथा प्रयोग मार्फत प्राङगारिक उत्पादनलाई जोड दिने ।
- रासायनिक मलको प्रयोग कम गरी कृषि उत्पादन लागत घटाउने ।
- दिगो कृषि विकास गरी खाद्य सुरक्षामा योगदान पुर्याउने ।
- पशुवस्तुको स्वास्थमा सुधार ल्याउन ।
- गुणस्तरिय प्राङगारिक मल उत्पादन गर्न ।
- स्वच्छ दुध जन्य उत्पादन गर्न ।
- दिगो रुपमा माटोको उर्वराशक्ति कायम राख्न ।
- वातावरणीय सरसफाइमा सकारात्मक परिर्वतन ल्याउने ।

## परिच्छेद -२

## कार्यक्रम संचालन प्रकृया

४) कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृयाः

षडानन्द नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भए वमोवजम हुनेछ । भकारो सुधार कार्यक्रम षडानन्द नगरपालिकाका सवै वडाहरुमा क्रमश संचालन हुनेछ। कृषकहरुलाई कार्यक्रमको जानकारीका लागी १५ दिनको सूचना कृषि विकास शाखाले प्रकाशन गर्नेछ,सो सूचना सो सुचना षडानन्द नगरपालिकाको सुचनापाटी website तथा सवै वडाहरुमा समेत पठाइनुका साथै स्थानिय विद्युतीय संचार माध्यमवाट समेत प्रशारण गरिनेछ ।

५)कार्यक्रम संचालन गरिने संख्या निर्धाणः

षडानन्द नगरपालिकाको वार्षिक कार्यक्रममा विनियोजित वजेट रकमको आधारमा प्रति भकारो रु.१०,००० (अक्षेरुपी दश हजार) का दरले जम्मा अनुमानित रकमलाई भाग गर्दा हुन आउने संख्या नै कार्यक्रम संचालन संख्या निर्धारण गरिनेछ ।

६)कार्यक्रम संचालनका लागी कृषक छनौटका आधार र संचालन प्रकृया देहाय वमोजिम हुनेछः

क)कार्यक्रम संचालनका लागी कृषक/कृषि फर्म/ कृषक समूह /सहकारीहरु नगर स्तरिय कृषि विकास समितिले छनौट गनेछ ।

ख) घरधुरी छनौट गर्दा पशुपालन तथा व्यावसायिक कृषि पकेट क्षेत्रलाई लक्षित गरी कार्यक्रम संचालन गरिनेछ । कृषकले कम्तिमा २ वटा पशु (भैसी वा गाई गोरु,) पालेको हुनुपर्नेछ ।

ग)छनौट भएका घरधुरीको जानकारी सिमतिले सूचना पाटीमा टाँस गर्नेछ ।

घ) भकारो सुधार चाहने कृषकको संख्या लक्ष भन्दा वढी भएको खण्डमा दलित, जनजाती, अपाङ्ग र न्यून आयस्तर भएका कृषकहरुलाई प्राथमिकता दिई समितिले छनौट गरे वमोजिमका कृषकहरुलाई प्राथमिकता दिई कार्यक्रम संचालन गरिनेछ ।

**७)फोकल व्यक्ति (Focal person) तोक्नुपर्ने :**

भकारो सुधार कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि षडानन्द नगरपालिकाले कृषि/पशु विकास शाखाको कम्तीमा एकजना कर्मचारीलाई Focal person को रुपमा तोक्नसक्नेछ ।

**८)भकारो सुधारको लागी न्युनतम मापदण्ड पुरा हुनुपर्नेः**

भकारो सुधार कार्यक्रम संचालन गर्दा प्रति भकारोको लम्बाईं ५वर्ग मिटर चौडाई २.५ मिटर हुनु पर्नेछ (वस्ने ठाउको लागी) र दाना पानी राख्ने डुडको चौडाई ५०से.मी. लम्बाई आवश्यकता वमोजिम उचाई डुडको सतहदेखी ३०से मी (डूडको गहिराई १० से मी) वनाउनु पर्नेछ । गहुँत संकलन टयांकीको गहुँत नचुहिने गरी पक्की गरिनुपर्ने, गहुँत संकलन टयांकीको व्यवस्था हुनुपर्ने र टयांकीको साईज (०.५x०.५x०.७५) घन मिटरको हुनुपर्नेछ । भकारो अर्थात मलखाद फ्याक्ने खाडललाई घामपानीवाट जोगाउने व्यवस्था गर्नु पर्ने कुराहरुलाई आधार मानिनेछ । र प्राविधिकले वनाएको लागत स्टमेट र नक्सा बमोजिम निर्माण गर्नुपर्नेछ ।

**९) अनुदान दिइने रकम व्यवस्थाः**

कृषक छनौट नगर स्तरिय कृषि विकास समितिले गर्नेछ । सो समितिको सिफारिसमा छनौट भएका घरधुरीलाई कृषि विकास शाखा,प्राविधिक फाँटले तयार गरेको मुल्याङ्कन गरी प्रति भकारोका लागी प्राविधिकले तयार गरेको लागत स्टिमेटकार्य सम्पन्न प्रतिवेदन संलग्नराखी विल भरपाई पेश भएपछि प्रति भकारो रु . १०,०००(दश हजार) एकमुष्ट अनुदान रकम उपलब्ध गराउनेछ ।

**१०)अनुदान दिइने रकम प्रवाहको व्यवस्थाः**

भकारो सधाार कार्य सम्पन्न भएर सम्बन्धित प्राविधिकले सोको गुणस्तर निरिक्षण अनुगमन गरीसकेपछि सम्बन्धित कृषकलाई मात्र षडानन्द नगरपालिकाले अनुदान उपलब्ध गराउनु पर्नेछ ।

**११) कार्यक्रमको अनुगमन व्यवस्था :**

कार्यक्रमको प्रभावकारी कार्यन्वयनको लागी षडानन्द नगरपालिकाका कृषि विकास/पशुसेवा शाखाले अनुगमन गर्नेछ ।

**१३)बाधा अड्काउ फुकाउनेः**

यस कार्यविधि कार्यान्वयनमा अस्पष्ट एवं द्धिविधा उत्पन्न भएमा सो को समाधान षडानन्द नगरपालिका नगर कार्यपालिकाले गर्नेछ ।

अनुसूची १

## भकारो सुधार कार्यक्रममा अनुदान सहयोग प्राप्त गर्नको लागी दिइने आवेदन पत्र

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
षडानन्द नगरपालिका दिङ्ला भोजपुर ।

विषयः भकारो सुधार कार्यक्रममा अनुदान उपलब्ध गराईदिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ................................कार्य गर्ने तिव्र इच्छा भएकाले निम्नानुसार कागजात राखी निवेदन गर्दछु । मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित नगरपालिका भित्रै रहि कार्य गर्नुछु । पुनश्चः तपशिल अनुसारका कागजातहरु यसै निवेदनसाथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु ।

तपशिलः

१ अनुसुची १ अनुसारको निवेदन

२अनुसुची २ अनुसारको संक्षिप्त कार्ययोजना

३ नेपाली नागरिकताको प्रमाण प्रत्रको प्रतिलिपि

४ समूह/सहकारीको हकमा दर्ता प्रमाणपत्रको प्रतिलिपि र निर्यणको प्रतिलिपि

निवेदक
नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नं.
मितिः

## अनुसूची-२

### भकारो सुधार कार्यक्रमको लागि कृषकले वुझाउनु पर्ने फारामः

भकारो सुधार कार्यक्रम माग गने कृषकको नामः

ठेगानाः टोल/गाँउ

वडा नं. नगरपालिकाः

जिल्लाः

भकारो सुधार गरिने स्थानः गाँउ/टोल

वडा नं.

कृषक कहाँ भएको पशु संख्याः भैंसी/ रागोः

गाई/गोरुः

भकारोको क्षेत्रफलः लम्वाईः

चौडाईः

कृषकको खेती विवरण

| क्र.स. | जम्मा जग्गाको क्षेत्रफल | खेत क्षेत्रफल | वारी क्षेत्रफल | पाखो क्षेत्रफल | खेति नगररिएको जग्गा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

मुख्य वालीहरुः

कृषक समूह/सहकारी संस्थामा आवद्ध भएको भए नामः1)

ठेगानाः

मोवाइल नं

भकारो सुधार गर्नुको कारणः

अनुसूची-३

## भकारो सुधार कार्यक्रम संचालनको लागि गिरने सम्झौता-पत्र

षडानन्द नगरपालिकाद्धारा कषि विकास शाखा मार्फत संचालन गरिने चालु आ.व. ...............को स्वीकृत माटोको उर्वरा शक्ति विकास कार्यक्रम ( भकारो सुधार कार्यक्रम) संचालन गर्न षडानन्द नगरपालिका कृषि विकास/पशु सेवा शाखा (यस भन्दा पछाडि पहिलो पक्ष भनिने) बिशिष्टताको आधारमा षडानन्द नगरपालिका कृषि विकास समितिको बैठकबाट छनौट भएका कृषक/कृषक समूहका अध्यक्ष श्री/सुश्री/श्रमती .......................... ........(यस भन्दा पछाडि भनिएको पक्ष भनिने) बिच तपसिल शर्तनामाहरु गरी गराई सम्पन्न गर्न सम्झौता/सहमति भएको छ ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई भकारो सुधारका लागी कार्ययोना अनुसार सम्बन्धित कृषकको कृषक समुहको खातामा कार्य सम्पन्न प्रतिवेदनका आधारमा अनुदान स्वरुप तेस्रो पक्षको रोहवरमा उपलव्ध गराउने छ ।

२. दोश्रो पक्षले पहिलो पक्षवाट आवश्यक प्राविधिक सहयोग प्राप्त गरी कृषि विकास समितिले निर्यण गरे अनुसारको व्यक्तिगत तथा समुहमा समुहको निर्यण अनुसार निम्न संख्यामा ......... वटा भकारो सुधार गर्नेछ।

३. पहिलो पक्षले भकारो सुधार साथै गाई भैसीको पिसाव संकलन गरे नगरेको अनुगमन गर्नेछन् र भकारो सुधारलाई माटोको उर्वराशक्ति विकासका लागी उपयोग गर्नुपर्नेछ ।

४. यस सम्झौता उल्लेखित काम गर्दा परि आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वंयम आफै हुनेछ ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानून बमोजिम हुनेछ ।

६. सम्झौता गरेको मिति देखी काम सरु गर्न सकिने र ............ सम्ममा कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

७. प्रति भकारोको लागी कार्यविधिमा पास भएवमोजिम एकमुष्ट अनुदान कार्य सम्पन्न भएको विल भरपाई निवेदन सम्बन्धित भकारोको पशुसहित पशुधनीको फोटो र सम्पन्न अन्य कागजात पेश भएपछि मात्र भुक्तानी दिइनेछ।

८. भकारोको साइज र गुणस्तरिय कार्यविधिमा उल्लेख भएवमोजिम हुनुपनेछ ।

नोटः प्राविधिक स्टिमेट र कार्य सम्पन्न प्रतिवेदन प्राविधिक फाँटवाट अनिवार्य गराउने

**पहिलो पक्षः**

षडानन्द न.पा तर्फवाट सहि गर्ने

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

कार्यालयको छापः

मितिः

**दोश्रो पक्षः-**

उद्यमी वा कृषकको तर्फवाट सहि गर्ने

नामः

पदः

दस्तखतः

समूहको छापः

सम्पर्क नम्बर

मितिः

**रोहवर**

नामः

पदः कृषि विकास शाखा प्रमुख

दस्तखतः

मितिः